"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

### आन्तरिक आय ठेक्का बन्दोबस्तीसम्बन्धी दरभाउ-पत्र आह्वानको सूचना!
**(प्रथम पटक प्रकाशन मिति २०८२/०३/१७)**

सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायको कर /शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व.. २०८२/०८३ र आ.व २०८३/०८४ (२) दुई आ.व.को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/ व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आह्वानका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

**तपशिलः-**

| S.N. | Contract Identification No | Name of Contract | Estimated Amount (Excluding VAT) NRs. | Bid Security Amount NRs. | Bid Document Fee (Non – Refundable) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ REVENUE 05-082/083 | Internal Revenue Collection Work from Fikkal Weekly Haat Bazzar | 600000 | 18000 | 1,000 | |
| 2 | SUMO/ILAM/SQ/ REVENUE 06-082/083 | Internal Revenue Collection Work from Tinghare Weekly Haat Bazzar | 90000 | 2700 | 1,000 | |
| 3 | SUMO/ILAM/SQ/ REVENUE 07-082/083 | Internal Revenue Collection Work from Pashupatinagarl Weekly Haat Bazzar | 50000 | 1500 | 1,000 | |
| 4 | SUMO/ILAM/SQ/ REVENUE 08-082/083 | Internal Revenue Collection Work from Harkate Weekly Haat Bazzar | 40000 | 1200 | 1,000 | |
| 5 | SUMO/ILAM/SQ/ REVENUE 9-082/083 | Internal Revenue Collection workfromTwo Sutter Rent of Suryodaya Municipality Ward No. 2 Office | 360000 | 10800 | 1,000 | |
| 6 | SUMO/ILAM/SQ/ REVENUE 10-082/083 | Internal Revenue Collection Work from Taxi Parking (Gumbapath, Fikkal) | 300000 | 9000 | 1,000 | |

**शर्तहरु:-**

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय भित्र ठेक्का फारम खरिद दस्तुर वापत रु.१००० (एक हजार) फिर्ता नहुने गरी फर्म/ कम्पनी वा संस्थाको नामबाट Sutra Revenue Model को बैंक Interface बाट राजस्व दाखिला फाराम भरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको सूर्योदय नगरपालिकाको ग१.१ आन्तरिक राजस्व खाता (खाता नं. २१००१००३०१०१०००२) मा जम्मा गरी बैंक भौचर पेश गरेर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरी व्यक्ति/ फर्म/ कम्पनी वा संस्थाको नामबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र फाराम खरीदकर्ताले, व्यक्ति को हकमा नेपाली नागरिकताको प्रतिलिपि, फर्म/ कम्पनी वा संस्थाको हकमा आ.व २०८१/०८२ को नविकरण सहित फर्म/कम्पनी वा संस्था दर्ताप्रमाण-पत्र, आ.व २०८०/८१ को कर चुक्ताको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि समेत पेश गरी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. रु.१० लाखभन्दा बढीको ठेक्कामा मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा संस्थाहरुले मात्र भाग लिन पाउने छन् ।

४. राजश्व अधिकृत /प्रमुख प्रशासकिय अधिकृतको दस्तखत तथा कार्यालयको आधिकारीक छाप नभएको र फोटोकपि गरिएको दारभाउपत्र फारामलाई मान्यता दिईने छैन ।

५. एक व्यक्ति/ फर्म/ कम्पनी वा संस्थाको नामबाट खरीद गरी अर्को फर्म/ कम्पनी वा संस्थाको नामबाट दरभाउपत्र दाखिला गर्न पाईने छैन । दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरीद गर्दा दस्तुर बुझाएको सक्कलै भौचर/नगदी रसिद अनिवार्य पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र फारम खरिद कर्ताले पेश गरेको शिलबन्दी दरभाउपत्रमा ठेक्का नं, ठेक्काको नाम, दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्र फाराम १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । दरभाउपत्र सोही दिन दिनको २ बजे यस कार्यालयमा खोलिनेछ ।

८. दरभाउपत्र खोल्दा दरभाउपत्रदाता स्वयम् वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

९. दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

१०. दरभाउपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अङ्कको उल्लेखित दरभाउपत्र धरौटी रकम सूर्योदय नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको ग३.० धरौटी खाता (खाता नं. २१००१००३०३००००००२) मा फर्म/ कम्पनी वा संस्थाको नामबाट नगद जम्मा गरेको सक्कल भौचर वा दराभाउपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (Bid Bond) पेश गर्नु पर्नेछ । सो जमानी पत्र/ भौचरमा सम्बन्धित ठेक्कपट्टा नं. र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

११. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्रदाताले एकमुष्ट ठेक्का रकम बुझाउन चाहेमा कुल ठेक्का अंकको १० प्रतिशत रकम छुट दिइनेछ। यदि पहिलो ठेक्का रकम किस्ता बन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाई सक्नु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता वापत ४०% रकम सम्झौता गरेकै समयमाअनिवार्य बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा ३० % ले हुने रकम २०८२ मंसिर मसान्त भित्र र बाँकी ३० प्रतिशतले हुने रकम २०८२ चैत्र मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ । त्यसैगरी दोस्रो वर्षको किस्ताबन्दीमा बुझाउन चाहेमा पहिलो किस्ता वापत ४०% रकम २०८३ साउन पहिलो हप्ताभित्रमा अनिवार्य बुझाउनु पर्नेछ ।

बाँकी किस्ताको हकमा ३० % ले हुने रकम २०८३ मंसिर मसान्त भित्र र बाँकी ३० प्रतिशतले हुने रकम २०८३ चैत्र मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

१२. दरभाउपत्रदाताले कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा कार्यसम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८३ भाद्र मसान्त सम्म म्याद रहने गरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तिय संस्थाले जारी गरेको बैंक कार्यसम्पादन जमानत (Performance Bond) पेश गरेपछि मात्र चलान पूर्जी दिइनेछ । त्यसैगरी दोस्रो वर्षको रकम किस्ताबन्दीमा बुझाउन चाहेमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८४ भाद्र मसान्त सम्म म्याद रहने गरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तिय संस्थाले जारी गरेको बैंक कार्यसम्पादन जमानत (Performance Bond) पेश गरेपछि मात्र चलान पूर्जी दिइनेछ ।

१३. ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा दरभाउपत्रदाता र कार्यालयवीच अस्पष्टता भएमा प्रचलित ऐन, कानुन तथा नियम र सम्झौताको शर्त तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१४. ठेक्काको अवधि आ.व. २०८२/०८३ र आ.व. २०८३/०८४ दुई आ.व. २०८४ असार मसान्त सम्मको लागि हुनेछ ।

१५. दरभाउपत्र फारामको दररेट महलमा उल्लेखित प्रस्ताव गरिएको दररेटको अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

१६. यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति फर्म वा संस्थाको दरभाउपत्र स्वीकृत हुने छैन ।

१७. प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर दरभाउपत्रदाता स्वयंमले व्यहोर्नु पर्नेछ ।

१८. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर, तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।

१९. दरभाउपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंङ्गले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार सूर्योदय नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

२०. माथि उल्लेखित बुदाहरु बाहेक अन्य कुराहरुको हककमा सूर्योदय नगरपालिकाको आय ठेक्का कार्यविधि, २०८१ र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

२१. यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

अधिकृत छैटौं